# तेश्रो चरण नाका वडा बहुसांस्कृतिक सहअस्तित्व प्रवर्द्धन कार्ययोजनाको सारांश










**Multicultural Coexistence Promotion Action Plan 3rd Term**
**Naka Ward, Yokohama**

# नाका वडा सबैले ढुक्कसँग बस्न सक्ने सहर बनाउने लक्ष्य राख्छ!

योकोहामा सिटी नाका वडामा पहिले देखि धेरै विदेशीहरू बस्दै आएका छन्। नाका वडाको जनसंख्याको करिब १२% विदेशी हो। विदेशी र जापानी नागरिकहरूले निश्चिन्त भएर सँगै बस्नको लागि नाका वडाले "बहुसांस्कृतिक सहअस्तित्व" लाई प्रवर्द्धन गर्दै आएको छ।

बहुसांस्कृतिक सहअस्तित्व भनेको देश र संस्कृतिमा फरक भएका व्यक्तिहरूले एक-अर्काको सम्मान गर्दै सँगै बस्ने अवस्था हो। नाका वडाले २०१७ साल देखि "बहुसांस्कृतिक सहअस्तित्व प्रवर्द्धन कार्ययोजना" बनाएर विभिन्न गतिविधिहरू गर्दै आएको छ।

आर्थिक वर्ष २०२६ साल देखि तेस्रो चरणको कार्ययोजना सुरु हुने छ!(※२०२६ साल मार्च अन्त्य सम्मको अवस्था)

तेस्रो चरणको कार्ययोजनाको विवरण यहाँ हेर्न सकिन्छ!


## हालको नाका वडा

नाका वडा योकोहामा सिटी भित्र सबैभन्दा धेरै विदेशी बसोबास गर्ने वडा हो। हालसालै नेपालबाट आएका व्यक्तिहरू धेरै बढेका छन्।

### योकोहामा सिटीमा सबैभन्दा धेरै विदेशी बसोबास गर्ने वडा हो।

| क्रम | | विदेशीहरूको संख्या | सबै बासिन्दाहरूको संख्या | विदेशीहरूको प्रतिशत |
|---|---|---|---|---|
| 1 | नाका वडा | 18,773 | 155,526 | 12.1% |
| 2 | त्सुरुमि वडा | 17,179 | 296,650 | 5.8% |
| 3 | मिनामी वडा | 13,586 | 201,084 | 6.8% |
| 4 | कानागावा वडा | 9,840 | 246,502 | 4.0% |
| 5 | कोहोकु वडा | 8,816 | 359,274 | 2.5% |
| | योकोहामा सिटी | 128,914 | 3,755,485 | 3.4% |

### १०१ वटा देश र क्षेत्रबाट आएका मानिसहरू बस्छन्!





योकोहामा सिटी तथ्याङ्कीय सूचना पोर्टल (२०२६ साल मार्च अन्त्यसम्मको अवस्था) बाट

## बस्ने मानिसहरूको आवाज

नाका वडामा बस्ने जापानी र विदेशी मानिसहरूबाट धेरै विचारहरू सुन्यौं। साथै यी विचारहरूलाई आधार बनाएर कार्ययोजनाको सामग्री सिर्जना गर्यौं।

### प्रश्न सबैका लागि बस्न सहज हुने शहर बनाउन नाका वडाले के गरोस् भन्ने तपाईं चाहनुहुन्छ?

(रेइवा ६ साल आर्थिक वर्षको नाका वडा बासिन्दा चेतना सर्वेक्षण अनुसार)




※विशेष रूपमा धेरै विचारहरू उद्धृत गरेका छौं।

### विदेशीहरूका विचारहरू सुन्यौं!

### (रेइवा ६ साल आर्थिक वर्ष नाका वडा विदेशी बासिन्दा चेतना सर्वेक्षण अनुसार)



नाका वडामा आएदेखि मैले त्यहाँका बासिन्दाहरूबाट सहयोग पाएको छु। अब म पनि नाका वडामा भर्खरै आएका विदेशीहरूलाई सहयोग गर्न चाहन्छु।



म दोभासेको रूपमा स्वयंसेवा गर्छु। खाँचोमा परेका मानिसहरूलाई सहयोग गर्न पाउँदा म खुसी छु।



महिनामा १ पटकको फोहोर सङ्कलनमा भाग लिने गरेको छु। उत्सवमा पनि सहभागी हुन चाहन्छु।

※केही विचारहरूलाई मात्र उद्धृत गरेर लेखिएको छ

# तेस्रो चरण नाका वडा बहुसांस्कृतिक सहअस्तित्व प्रवर्द्धन कार्ययोजनाका लक्ष्यहरू

**२०२६ साल अप्रिलदेखि २०३० साल मार्च**

दृष्टिकोण

## फरकपन शक्तिमा परिणत हुने शहर, नाका वडा

नाका वडामा विभिन्न देशका मानिसहरू र फरक पृष्ठभूमिका मानिसहरू बस्छन्। संस्कृति र सोच्ने तरिका आदिमा धेरै “भिन्नताहरू” छन्। यी “भिन्नताहरू” लाई सम्मान गर्दै यसलाई नाका वडाको शक्ति र आकर्षणमा परिणत हुने गरी सबै मिलेर काम गर्छौं।

नाका वडा कार्यालयले “विदेशीहरूलाई विभिन्न भाषामा मार्गदर्शन प्रदान गर्ने र जानकारी दिने काम” र “विदेशीहरू र जापानीहरूलाई समुदायमा जोड्ने काम” लाई थप प्रवर्द्धन गर्नेछ।यसबाहेक, “विदेशीहरूको सक्रिय सहभागिता” र “विविध संस्कृतिहरूबाट नयाँ आकर्षण सिर्जना गर्ने काम” लाई महत्वपूर्ण लक्ष्य बनाएर त्यसलाई प्रवर्द्धन गर्दै जानेछ।

### आधारहरू 1

### नाका वडामा सँगै बस्ने



नाका वडामा नयाँ जीवन सुरु गर्ने विदेशीलाइ सहयोग गर्छौं।
जापानको जीवनशैलीमा छिटो अभ्यस्त हुने गरी राम्रो वातावरण तयार गर्छौं।

**नाका वडाले अघि बढाउने गतिविधिहरू**

- वडा कार्यालय र जीवनसँग सम्बन्धित जानकारी विभिन्न भाषाहरूमा प्रदान गर्ने
- निश्चिन्त जीवनयापनका लागि जानकारी दिने र परामर्श प्रदान गर्ने
- जापानी भाषा सिक्न सहयोग गर्ने

### आधारहरू 2

### एक-अर्कालाई राम्रोसँग चिन्ने



एउटै समुदायमा सँगै बस्नको लागि बासिन्दाले एक-अर्कासँग सजिलै कुरा गर्न सक्ने वातावरण बनाउन प्रयास गरिन्छ।
त्यस पछि सबैले एकअर्कालाई राम्ररी चिन्न सकून् भन्ने व्यवस्था गर्छौं।

**नाका वडाले अघि बढाउने गतिविधिहरू**

- जापानी संस्कृति र नियमहरू राम्रोसँग बुझ्न सकिने वातावरण बनाउने
- वडाका बासिन्दाहरूलाई बहुसांस्कृतिक सहअस्तित्वबारे अझै जानकारी गराउने
- एक-अर्कालाई बुझ्नका लागि सँगै कुरा गर्ने र गतिविधि गर्ने

### आधारहरू 3

### विभिन्न संस्कृतिबाट नयाँ आकर्षण बनाउने



विदेशीहरूले शहरलाई सहयोग गर्ने व्यक्तिका रूपमा सक्रिय रूपमा भूमिका निभाउँछन्।
विभिन्न संस्कृतिबाट नयाँ आकर्षण बनाउने

**नाका वडाले अघि बढाउने गतिविधिहरू**

- विभिन्न संस्कृतिहरू एकैसाथ रहँदा नाका वडाको सुन्दर आकर्षण सिर्जना हुन्छ।
- विदेशीहरूलाई सक्रिय रूपमा गतिविधि गर्न सक्ने गरी सहयोग गर्छौं

## नाका अन्तर्राष्ट्रिय विनिमय लाउन्ज







### जीवनयापन सम्बन्धी परामर्श स्वीकार गर्छौं र जीवनयापन सम्बन्धी जानकारी दिन्छौं

नाका वडामा बस्ने विदेशी नागरिकलाई नाका वडामा बासोबास गर्न आवश्यक जीवनयापन सम्बन्धी जानकारी अंग्रेजी, चिनियाँ तथा सजिलो जापानी भाषामा प्रदान गर्छौं र जीवनयापन सम्बन्धी परामर्श पनि प्रदान गर्छौं।

### जापानी भाषा सिक्न सहयोग गर्छौं

समृद्ध र सहज जीवनयापन गर्न सकियोस् भनेर जापानी भाषा कक्षा सञ्चालन गरिरहेका छौं। साथै, जापानी भाषा सिकाइमा सहयोग गर्ने स्वयंसेवकलाई प्रशिक्षण दिएर जापानी भाषा सिकाइ वातावरणलाई अझ सुदृढ बनाउन प्रयास गरिरहेका छौं।

### विदेशसँग सम्बन्धित युवाहरूको लागि ठाउँ छ

विदेशसँग सम्बन्धित युवाहरूको लागि भेटघाट हुने ठाउँ (Rainbow स्पेस) उपलब्ध छ। त्यहाँ गतिविधि गर्ने "निजिईरो अन्वेषण टोली" ले सहरको स्वयंसेवी गतिविधिहरू गरिरहेका छन्। निम्न माध्यमिक विद्यालयका विद्यार्थीहरूको पढाइ/थप शिक्षाअगाडि पढाइ सम्बन्धी परामर्श पनि प्रदान गर्छौं।

**नाका अन्तर्राष्ट्रिय विनिमय लाउन्ज**

योकोहामा सिटी, नाका वडा, निहोन-ओडोरी ३५, नाका वडा कार्यालय एनेक्स, पहिलो तल्ला

फोन नम्बर：045-210-0667　मेल：nakalounge@yoke.or.jp

【खुल्ने समय】सोमबार देखि शनिबार बिहान ९:१५ देखि साँझ ५ बजे सम्म

【बन्द हुने दिन】आइतबार, सार्वजनिक बिदा तथा वर्षको अन्त्य र नयाँ वर्षको पहिलो दिनहरू (डिसेम्बर २९ देखि जनवरी ३ सम्म)



## विभिन्न भाषाहरूमा जीवनयापन सम्बन्धी जानकारी उपलब्ध गराउने वेबसाइट

जीवनयापनको कुरा, विपद् रोकथामको कुरा, प्रणालीको कुरा, बच्चाको कुरा, स्वास्थ्यको कुरा जस्तो दैनिक जीवनको लागि महत्त्वपूर्ण जानकारीहरू प्रदान गर्छौं।यो जानकारी सजिलो जापानी, अंग्रेजी, चिनियाँ, नेपाली, भियतनामी, थाई भाषामा हेर्न सकिन्छ।




## विभिन्न भाषामा जीवनयापन सम्बन्धी जानकारी दिने समाचारपत्र

## 「春夏秋冬（Naka Ward Town News)」

वडा कार्यालयका जानकारी वा जीवनयापनको नियम, सामाजिक प्रणाली आदि दैनिक जीवनमा उपयोगी जानकारीहरू प्रदान गर्छौं। जापानी, अंग्रेजी, चिनियाँ भाषामा वर्षमा ४ पटक प्रकाशित हुन्छ।




योकोहामा सिटी नाका वडा कार्यालय वडा प्रशासन प्रवर्द्धन शाखा योजना तथा समायोजन शाखा
【फोन नम्बर】045-224-8127 【मेल】na-kikaku@city.yokohama.lg.jp

(२०२६ साल जनवरीको जानकारी हो)